Regd. No.: 323/053-054, PAN No.: 304725193

HISSAN

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल

HIGHER INSTITUTIONS & SECONDARY SCHOOLS' ASSOCIATION NEPAL

Trade Tower Nepal, Thapathali, Kathmandu, Phone: 01-5111099

Email:hissannepal@gmail.com/ hissancc@gmail.com, Web: hissan.org.np

## युवा प्रतिभा पहिचान (Youth Talent Hunt) प्रतियोगितामा सहभागी हुने वारेको सूचना

मिति २०७४ साल आषाड १९ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार राष्ट्रिय युवा परिषदको चालु आ.व. २०७३/०७४ को वार्षिक कार्यक्रम अनुसार यस परिषद्को आयोजनामा १६-२४ वर्षका युवा/विद्यार्थीहरुलाई विभिन्न सिर्जनशील कार्यमा लगाई उनीहरुमा अन्तरनिहित प्रतिभाको प्रस्फुटनका साथै उनीहरुका कार्यलाई प्रोत्साहन गर्ने कार्यक्रम अन्तर्गत विशिष्ट युवा प्रतिभा पहिचान (Youth Talent Hunt) कार्यक्रम सञ्चालन गर्न लागिएको हुँदा उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (HISSAN) संगको सहकार्यमा सञ्चालन हुने देहाय बमोजिमको कार्यक्रममा सहभागी हुन विभिन्न शिक्षण संस्थामा अध्ययनरत तथा संघसंस्था (अद्यावधिक भएका) संग आवद्ध युवा/ विद्यार्थीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै देहायका विधाहरु मध्ये कुनै विधामा सहभागी हुन चाहने युवा विद्यार्थीले तोकिएको ढाँचाको निवेदन साथ संस्थागत सिफारिस र रु १० (दश) को टिकट टाँसी निवदेन दिन सक्नेछन् । निवेदनको ढाँचा यस परिषदको वेभसाइट **www.nyc.gov.np** बाट डाउनलोड गर्न सकिनेछ । यस सम्बन्धी सूचना मिति २०७४/०३/१९ गतेको कान्तिपुर दैनिकमा समेत हेर्न सकिनेछ ।

**१. विशिष्ट युवा प्रतिभा पहिचान (Youth Talent Hunt) कार्यक्रम अन्तर्गत देहायका विधाहरुमा प्रतियोगिता सञ्चालन गरिनेछः**

**क. भिजन प्रतियोगिता (Vision Competition)** यस प्रतियोगिता युवाको नेतृत्वमा हुने समृद्ध नेपाल निर्माणसंग सम्बन्धित क्षेत्रहरु जस्तै गुणस्तरीय तथा व्यवसायिक शिक्षा, रोजगारी उद्यमिशलता र सीप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन सहभागिता र नेतृत्व विकास तथा युवाका लागि खेलकुद र मनोरञ्जन जस्ता युवा विकासका पाँच आधारस्तम्भसंग सम्बन्धित हुनुपर्नेछ । यी विषयहरु मध्ये कुनै विशिष्ट विषयमा आफ्नो दूरदृष्टि, परिकल्पना, सो पुरा गर्नका लागि आवश्यक योजनाको खाका र सोको कार्यान्वयन गर्ने कार्ययोजना (Action plan) समेत संलग्न गरिएको हुनुपर्नेछ । यस प्रतियोगितामा १६-२४ वर्ष उमेर समूहका युवा विद्यार्थीले प्रतिस्पर्धा गर्न पाउनेछन् । भिजन सम्बन्धी लेखन नेपाली भाषामा हुनुपर्नेछ ।भिजनका विषयवस्तु कुनै किताव वा पूर्व प्रकाशित रचनासंग पुरा वा आँशिक मात्रामा हुबहु देखिएमा मूल्याङ्कनकर्ताले सो सामग्री अस्वीकृत गर्न सक्नेछ । छनौट भएका दस्तावेजहरु सार्वजनिक गरिनेछन् र सो सम्बन्धमा कनै उजुरी परेमा सोको जवाफदेही प्रतियोगी स्वयं हुनुपर्नेछ । भिजनको ढाँचा राष्ट्रिय युवा परिषदको वेभसाइट **www.nyc.gov.np** मा समेत हेर्न सकिनेछ ।

Trade Tower Nepal, Thapathali, Kathmandu, Phone: 01-5111099
Email:hissannepal@gmail.com/ hissancc@gmail.com, Web: hissan.org.np

**ख. गायन प्रतियोगिता**

यसमा एकल गायन प्रतियोगिता हुनेछ । प्रस्तुत गरिने गीतको बोल सकभर राष्ट्रियताको भावनाले ओतप्रोत भएको र युवालाई उत्प्रेरित गर्ने खालको हुनुपर्नेछ । यस प्रतियोगितामा १६-२४ वर्ष उमेर समूहका युवा विद्यार्थीले प्रतिस्पर्धा गर्न पाउनेछन् । यदि गीतको ट्र्याक, संगीत तथा वाद्यवादनका सामग्री आवश्यक भएमा सहभागी स्वयंले व्यवस्था गर्नुपर्नेछ । गीत नेपाली भाषामा हुनुपर्नेछ ।

**ग. वक्तृत्वकला प्रतियोगिता**

वक्तृत्वकला प्रतियोगिताको शिर्षक **"समृद्ध नेपाल निर्माणमा युवाको भूमिका"** रहनेछ । वक्ताले यस विषयमा आफ्ना कुराहरु ७ मिनेट भित्र राख्नुपर्नेछ ।यस प्रतियोगितामा १६-२४ वर्ष उमेर समुहका युवा विद्यार्थीले प्रतिस्पर्धा गर्न पाउनेछन् । वक्तृत्वकलाको भाषा नेपाली हुनेछ ।

- नाम दर्ता गर्ने अन्तिम मितिः २०७४/०४/१० गते कार्यालय समय भित्र ।
- दर्ता गर्ने स्थानः  राष्ट्रिय युवा परिषदको कार्यालय त्रिपुरेश्वर काठमाडौं - विश्व निकेतन मार्ग (पराराष्ट्र मन्त्रालयको कन्सुलर सेवा विभाग अगाडी) संपर्क नं ०१४२६२४६५, श्री लक्ष्मण गिरी ९८५८४४०४५७
- उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) को केन्द्रीय कार्यालय ट्रेड टावर थापाथली (केन्द्रीय तथ्याङ्क विभागको अगाडी) संपर्क फोन नं. ०१-५१११०४०, ५१११०९९  श्री शैलज नेपाल मोवाइल नं. ९८५१०६९३०५
- जिल्ला युवा समितिको कार्यालयहरु  (७५ वटा)

२. प्रतियोगिताका लागि मिति २०७४ श्रावण १५ गतेदेखि छनौट प्रतियोगिता सञ्चालन हुनेछ । छनौट चरणमा छनौट भएका प्रतियोगीहरु फाइनल चरणमा प्रवेश गर्नेछन् । सोको लागि प्रतियोगिता हुने स्थान सम्बन्धी सूचना २०७४ श्रावण १२ गते प्रकाशन गरिनेछ । यस सम्बन्धी सूचना परिषदको वेभसाइट तथा सूचना पाटीमा समेत प्रकाशन गरिनेछ ।

३. प्रतियोगितामा विधागत रुपमा अलग अलग पुरस्कारको व्यवस्था देहाय बमोजिम हुनेछ । पुरस्कार वितरण २०७४ श्रावण २८ गते (**August 12, 2017**) मा आयोजना गरिने अन्तर्राष्ट्रिय युवा दिवस समारोहमा गरिनेछ ।

क. प्रथम पुरस्कार रु. ५०००० (पचास हजार) र प्रमाण-पत्र

ख. द्वितीय पुरस्कार रु. ३०००० (तीस हजार) र प्रमाण-पत्र

ग. तृतीय पुरस्कार रु. २०००० (बीस हजार) र प्रमाण-पत्र

घ. सान्त्वना पुरस्कार रु. १०००० (दश हजार) र प्रमाण-पत्र

४. विस्तृत जानकारीका लागि यस परिषदको वेभसाइट **www.nyc.gov.np** तथा यस परिषदको कार्यालयमा संपर्क गर्न सक्नुहुनेछ ।